श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग**

Email :
complaint@dofe.gov.np
पोष्ट वक्स नं. ६५१५
फोन नं ४७८२४५४

## वैदेशिक रोजगारीका लागि आवेदन फाराम नेपाली भाषामा भर्नुपर्ने सम्बन्धमा सूचना !

वैदेशिक रोजगारीमा जान चाहने नेपाली नागरिकहरूले विभिन्न देशका लागि आवेदन दिँदा वा व्यक्तिगत विवरण (Bio-data) भर्दा भाषागत कठिनाइका कारण ठगीमा पर्ने र आफूले हस्ताक्षर गरेको कागजातको व्यहोरा थाहा नपाउने गुनासाहरू प्राप्त भइरहेका छन्।

यस सन्दर्भमा वैदेशिक रोजगार ऐन, २०६४ लगायत प्रचलित अन्य कानूनको मर्म अनुसार कामदार र रोजगारदाता वा इजाजतपत्रवालाबीच हुने सम्झौता र विवरणहरू पारदर्शी हुनुपर्ने व्यवस्था छ। वैदेशिक रोजगारीका लागि दिइने आवेदन, व्यक्तिगत विवरण र मञ्जुरीनामाका कागजातहरू सम्भव भएसम्म नेपाली भाषामा तयार गरी बुझाउने तथा यदि वैदेशिक रोजगारदाताको माग अनुसार अंग्रेजी भाषामा फाराम भर्नुपर्ने भएमा, सोको व्यहोरा नेपाली भाषामा समेत तयार हुने गरी व्यवस्था गर्नु हुन अनुरोध छ।

२०८२/१२/१५